नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि समस्या समाधान समिति
(प्रशासन)

ताहाचल, काठमाडौं

पत्र संख्याः- २०८३/०८४
चलानी नं.-

# प्रेश विज्ञप्ती

देशभरका विभिन्न वडा तथा पालिकास्तरमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि यस समितिले कार्य गरिरहेको छ । यस अघिका विभिन्न आयोग/समिति/कार्यदलले संकलन गरेका निवेदन बमोजिमको जग्गा उपलब्ध गराउनका लागि समितिको सूचना प्रणालीमा प्रविष्ट गराई सोको निस्सा दिने कार्य कार्यपालिकाको वडास्तरबाट हुँदै आएको छ । यसरी निस्सा प्राप्त गरेका निवेदकहरुको पहिचान र प्रमाणीकरण गर्ने एंव उनीहरुलाई उपलब्ध गराउने जग्गाको पहिचान गर्ने कार्य कार्यपालिकाबाट हुने व्यवस्था छ । यस्तो कार्यका लागि पालिकास्तरमा आवश्यकतानुसार कर्मचारीहरुलाई प्रशिक्षण गराउने कार्य प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित जिल्ला भूमि समस्या समाधान समितिबाट भइरहेको छ । यस समितिले जिल्ला समितिका पदाधिकारीहरुलाई zoom meeting एंव भौतिक उपस्थितिमा समेत अन्तरक्रिया कार्यक्रम गरिआएको छ । समितिका पदाधिकारीहरुबाट समेत विभिन्न जिल्लाका पालिकाका पदाधिकारीहरुसँग प्रत्यक्ष भेटघाट गरी छलफल समेत गरी आएको छ । यस समितिका पदाधिकारीबाट विभिन्न जिल्लाको भ्रमणको शिलशिलामा केही व्यक्तिले निवेदन फाराम दर्ता गरी निस्सा प्रदान गर्दा प्रलोभनमा पारी अनुचित लाभ लिएको गुनासो प्राप्त भएको छ । यस्तो गुनासो प्रति समितिको ध्यानाकर्षण भएको छ । यस्तो अनुचित कार्यमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानुन बमोजिम कारवाही र सजाय हुने व्यहोरा सूचित गरिन्छ । लामो समयदेखि समस्याको रुपमा रहको बसोबासको व्यवस्थापनको कार्यमा सबैको सहयोगको अपेक्षा गरिएको छ । तसर्थ यस्तो कार्यमा कोही कसैलाई अनुचित प्रभावमा पारी आर्थिक लाभ लिइएको पाइएमा त्यस्ता व्यक्तिहरु उपर यथाशिघ्र अनुसन्धान गरी गराई कारवाही र सजाय हुने व्यहोरा सम्वन्धित लागि सबैको यस समितिको मिति २०८३।०४।१८ गतेको निर्णयनुसार जानकारी गराइन्छ ।

संजीव कुमार शाह
प्रमुख नापी अधिकृत

फोनः ५३१३९३२, ५३१३९३५ ईमेल ठेगानाः info@lirc.gov.np website:www. lirc.gov.np